# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५

# र

# सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३

# बमोजिम सार्वजनिक गरिएको विवरण

## आर्थिक वर्ष २०७६/२०७७

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

२०७७, साउन

# विषयसूची


| | परिच्छेद | पृष्ठ संख्या |
|---|---|---|
| १. | राष्ट्रिय योजना आयोगको परिचय | १ – २ |
| २. | राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार | ३ - ४ |
| ३. | राष्ट्रिय योजना आयोगको दरबन्दी र कार्य विवरण | ५ |
| ४. | आयोगबाट प्रदान गरिने सेवा | ६ - ७ |
| ५. | सेवा प्रदान गर्ने महाशाखा, शाखा र जिम्मेवार अधिकारी | ७ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ७ |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ७ - ८ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| ९. | सम्पादन गरेको कामको विवरण | ८ - १२ |
| १०. | सूचना अधिकारी र प्रमुखको नाम र पद | १२ |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | १३ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | १४ - १५ |
| १३. | तोकिए बमोजिमका अन्य विवरण | १६ - २० |
| १४. | अघिल्लो आ.व.२०७४/७५ मा सञ्चालित कार्यक्रमहरू | २१ |
| १५. | सार्वजनिक निकायको सामाजिक सन्जाल भए सोको विवरण | २१ |
| १६. | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण | २२ |
| १७. | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | २२ - २३ |
| १८. | राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | २३ |
| १९. | राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय | २३ |
| २०. | राष्ट्रिय योजना आयोगबाट प्रकाशित प्रतिवेदनहरू | २३ - २४ |

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण

## १. राष्ट्रिय योजना आयोगको परिचय

### १.१ पृष्ठभूमि

मुलुकको सर्वाङ्गीण विकासका लागि योजना तर्जुमा गर्ने, क्षेत्रगत नीति एवं रणनीतिहरू तयार गरी विकासका कार्यक्रमहरूलाई लक्षित दिशामा निर्देशित गर्न सघाउनुका साथै विभिन्न राष्ट्रिय महत्व एवम् प्राथमिकताका कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई तथ्यमा आधारित रहेर सल्लाह दिने बिशिष्टकृत निकायको रूपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ। आयोगले समग्र विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने कार्यका साथै विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन एवं विकास योजनाका विषयहरूमा विचार आदानप्रदान, वहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा अग्रणी भूमिका निर्वाह गर्दछ। साथै, यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण र समन्वय गर्दछ। यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधानका उपायहरू पहिल्याउने कार्यमा नेपाल सरकारको सल्लाहकारी निकायको रूपमा समेत कार्य गर्दै आएको छ।

संघीय शासकीय व्यवस्थामा मुलुक प्रवेश गरेसँगै संघ, प्रदेश तथा स्थानीय तहका विकास प्रयासहरूलाई राष्ट्रको समग्र विकाससँग आवद्ध गरी लैजान दूरगामी सोचको तर्जुमा, कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत जटिलताहरूको सरलीकरण, मध्यमकालीन खर्च संरचनाको सुदृढीकरण, सहअस्थित्व, सहकारिता एवम् सहयोगात्मक संघीयताको कार्यान्वयनमा समन्वयात्मक भूमिका नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धति विकास र सूचना तथा तथ्याङ्क प्रणालीलाई वैज्ञानीक तथा भरपर्दो बनाउदै पहुँच योग्य बनाउने कार्यलाई प्राथमिकताका साथ आयोगले अगाडि बढाउँदै लगेको छ।

### १.२ ऐतिहासिक विकासक्रम

नेपाललाई विकासको हरेक पक्षहरूमा गति प्रदान गर्न विकास प्रक्रियालाई एकीकृत र योजनावद्धरूपमा लैजाने अवधारणासहित सर्वप्रथम बि.सं. २०१३ सालमा तत्कालीन प्रधानमन्त्री स्व. टंकप्रसाद आचार्यको अध्यक्षतामा केन्द्रीयस्तरमा योजना आयोगको गठन भएको थियो। त्यही सालबाट योजनावद्ध विकास प्रयासको थालनी गरी पहिलो योजना (२०१३– २०१७) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको थियो जसले योजनाको आधारशिला तयार गर्न सहयोग पुऱ्यायो। योजना आयोगलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ जारी गरियो र त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो। योजना मण्डललाई योजना तर्जुमा गर्ने जिम्मेवारी बाहेक विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो। वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद्को स्थापना भएको थियो। यस परिषद्को निर्णयलाई मन्त्रिपरिषद्को निर्णय सरहको मान्यता दिई यस परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा राखियो। यस परिषद्लाई सहयोग पुऱ्याउन एउटा छुट्टै सचिवालयको स्थापना भएको थियो। तर, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक

सहायतासम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो । वि.सं. २०२० मा राष्ट्रिय योजना परिषद् विघटन भयो र केन्द्रीयरूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी उस्तै नाम दिई गठन गरियो । मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं.२०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू गर्नेगरी आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयमा सरियो। मन्त्रीपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगले प्रतिस्थापन गरी यसलाई सघाऊ पुऱ्याउन छुट्टै सचिवालय स्थापना गरियो । वि.सं. २०२९ मा तयार गरिएको अध्ययन प्रतिवेदनले प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माणसम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुर्नगठन गरियो । वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरूपमा सामान्य परिवर्तन भयो । वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको पाइन्छ । पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको पाँचजना सदस्यहरू र एकजना सदस्यसचिव रहने व्यवस्था गरियो । यसमा मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा रहने व्यवस्था गरियो ।

वि.सं. २०६२/०६३ को जनआन्दोलन पश्चात् राजकीयसत्ता र शासन व्यवस्थामा भएको परिवर्तनसँगै पुरानो शासकीय व्यवस्थामा रहेको राष्ट्रिय योजना आयोगको समयानुकूल परिवर्तनसहित नयाँ गठन आदेश, २०६८ बमोजिम पुनर्गठन गरियो । वि.सं.२०७२ असोज ३ मा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएसँगै पुन: योजना आयोगलाई संविधानले लिएको विकासका लक्ष्यहरू एवंम् निर्दिष्ट गरेका जिम्मेवारीहरूको कुशल एवं प्रभावकारी सम्पादन र समन्वय गर्ने गरी मिति २०७४/११/२८ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत गऱ्यो र २०७५/१/११ मा उपाध्यक्ष सहित सात सदस्यीय र नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव आयोगको सदस्य सचिव रहने व्यवस्था सहित पूर्णकालीन आयोग गठन भई कार्य सञ्चालन गर्दै आएको छ । यस गठन आदेश अनुसार नेपाल सरकारका मुख्यसचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था रहेको छ । नेपालको योजनावद्ध विकासक्रम वि.सं. २०१३ सालदेखि हालसम्मको अविधमा आईपुग्दासम्म छ दशक गरिसकेको छ भने हालसम्म १३ वटा आवधिक योजनाहरू कार्यान्वयन भई हाल चौधौं योजना कार्यान्वयनको अवस्थामा छ । आयोगको गठन प्रक्रिया तथा कार्यहरू बारे अध्ययन गर्दा यसको नेतृत्व गर्ने पदाधिकारी, सदस्यहरूको संख्या तथा संगठन स्वरूपमा समय समयमा फेरबदल भईरहेको पाइन्छ ।

सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठनमा पूर्णकालीन पदाधिकारीको रूपमा उपाध्यक्ष, छ जना सदस्य र सदस्य सचिव रहेको छ । मुख्य सचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था छ । यसरी राष्ट्रिय योजना आयोगले बिगतमा विभिन्न नाममा भिन्न भिन्न कार्य विवरण सहित कार्य गर्दै पटक पटकको परिवर्तन र सुधारको प्रक्रियाबाट हालको अवस्थामा आईपुगेको छ । संगठन स्वरूप समयक्रमसँगै भएका सुधारहरूको नतिजास्वरूप राष्ट्रिय योजना आयोगको हालको काम कर्तव्य, अधिकारहरू संगठन स्वरूप तयार भएको हो ।

## २. राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ।

### २.१ गठन

नेपालमा तीब्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोंच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रूपमा काम गर्न देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ।

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री– | अध्यक्ष |
| (ख) | नेपाल सरकारबाट नियुक्त एक जना– | उपाध्यक्ष |
| (ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छ जना– | सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार– | सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय– | सदस्य |
| (च) | सचिव, राष्ट्रिय योजना आयोग– | सदस्यसचिव |

खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यहरूले आयोगको पूर्णकालीन पदाधिकारीको रूपमा कार्य गर्ने व्यवस्था छ।

खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहायबमोजिम प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था छ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा

(घ) प्राकृतिक स्रोत व्यवस्थापन

### २.२ आयोगको बैठक

(१) आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ। आयोगको बैठक आयोगको अध्यक्षले अध्यक्षता गर्ने र उपाध्यक्षले अध्यक्षता गर्ने गरी दुई प्रकृतिका छन्। आयोगका अध्यक्षले अध्यक्षता गर्ने बैठक बर्षको कम्तीमा दुई पटक बस्ने व्यवस्था छ भने उपाध्यक्षले अध्यक्षता गर्ने आयोगको नियमित बैठक साप्ताहिक रूपमा बस्ने व्यवस्था छ।

### २.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा काम, कर्तव्य, अधिकारमा आयोगको कार्यक्षेत्र मूलतः देहाय बमोजिमका चार वटा उल्लेख गरिएका छन्:

(क) दीघर्कालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,

(ख) अनगुमन तथा मूल्याङ्कन,
(ग) तहगत समन्वय,
(घ) अध्ययन, अनसुन्धान तथा अन्वेषण।

## २.४ राष्ट्रिय विकास परिषद्

आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था गठन आदेशमा गरिएको छ ।

परिषद्को गठन देहायबमोजिम रहेको छ :

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | अध्यक्ष |
| (ख) | आयोग उपाध्यक्ष | उपाध्यक्ष |
| (ग) | नेपाल सरकारका विभागीय मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरू | सदस्य |
| (घ) | संघीय-संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | सदस्य |
| (ङ) | संघीय-संसदका समितिका सभापतिहरू | सदस्य |
| (च) | प्रदेश सरकारका मुख्य मन्त्रीहरू | सदस्य |
| (छ) | आयोगका सदस्यहरू | सदस्य |
| (ज) | गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (झ) | प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायको प्रमुखहरू | सदस्य |
| (ञ) | जिल्ला समन्वय समितिका प्रमुखहरू, प्रचलित कानूनबमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सहित नेपाल सरकारबाट मनोनित पच्चीस जना | सदस्य |
| (ट) | सचिव, राष्ट्रिय योजना आयोग | सदस्य-सचिव |

परिषद्को बैठक सम्बन्धी व्यवस्थाः (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्यसचिवले परिषद्को बैठक बोलाउने र परिषद्को बैठकमा आयोगले तयार गरेको राष्ट्रिय योजना छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार राष्ट्रिय योजना नेपाल सरकारको स्वीकृतिको लागि पेश गरिने व्यवस्था रहेको छ ।

## ३. राष्ट्रिय योजना आयोगको दरबन्दी र कार्य विवरण

| **पद नाम** | **श्रेणी** | **सेवा** | **समूह/उपसमुह** | **खुद दरवन्दी** | **कैफियत** |
|---|---|---|---|---|---|
| सचिव | विशिष्ठ | प्रशासन | | १ | |
| सहसचिव | रा.प. प्रथम | प्रशासन | | ४ | काजमा समेत गरी ७ जना |
| कार्यक्रम निर्देशक | रा.प. द्वितीय | प्रशासन | | १२ | |
| उप सचिव (लेखा) | रा.प. द्वितीय | प्रशासन | लेखा | १ | |
| योजना अधिकृत | रा.प.तृतीय | प्रशासन | सा. प्रशासन | २६ | |
| लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने. आ. यो. त. | तथ्याङ्क | २ | |
| कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | |
| कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | २ | |
| पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय विज्ञान | १ | |
| नायब सुब्बा | रा.प.अ.नं.प्रथम | प्रशासन | सा. प्रशासन | १६ | |
| टाइपिष्ट ना.सु. | बेग अनुसार | प्रशासन | सा. प्रशासन | ० | काजमा ३ जना कार्यरत |
| पुस्तकालय सहायक (ना.सु.) | रा.प.अ.नं.प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | |
| लेखापाल | रा.प.अ.नं.प्रथम | प्रशासन | लेखा | १ | |
| कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्रथम | विविध | | ६ | |
| ह.स.चा. | श्रेणी विहीन | इन्जिनियरिङ् | जनरल मेकानिक्स | १४ | |
| कार्यलय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १६ | |
| | | | **जम्मा** | **१०५** | |

## ४. आयोगबाट प्रदान गरिने सेवा

### १. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरणः

१.१ मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

१.२ आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार,जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानवस्रोत व्यवस्थापन र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

१.३ सम्बन्धित मन्त्रालयतथा निकायसँगको समन्वयमा केन्द्रीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

१.४ लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

१.५ राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

१.६ अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

१.७ अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

१.८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

१.९ अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने,

### २. अनुगमनतथा मूल्याङ्कन

२.१ मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

२.२ मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरू र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारगराउने,

२.३ अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षणको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सन्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

### ३. तहगत समन्वय

३.१ संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग, सहजीकरणगर्ने।

### ४. अध्ययन, अनुसन्धान तथा अन्वेषण

४.१ कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

४.२ प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

४.३ आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार,जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न बिषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

## ५. सेवा प्रदान गर्नेमहाशाखा, शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा | जिम्मेवार अधिकारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक व्यवस्थापन | श्री खोमराज कोइराला | सहसचिव | |
| २ | पूर्वाधार तथा उत्पादन | श्री बिजु कुमार श्रेष्ठ | सहसचिव | |
| ३ | अनुसन्धानतथा मूल्याङ्कन | श्री किशोर जोशी | सहसचिव | |
| ४ | सुशासन तथा सामाजिक विकास | डा. किरण रूपाखेती | सहसचिव | |
| ५ | अध्ययन, अनुसन्धान तथा तहगत समन्वय | डा. वासुदेव शर्मा पौडेल | सहसचिव | काज |
| ६ | शिक्षा, विज्ञान तथाप्रविधि | श्री वीरबहादुर राई | सहसचिव | काज |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगको कार्य प्रकृति योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन कार्यसँग सम्बन्धित हुने र प्रत्यक्ष सेवा प्रवाहसँग सम्वन्धित बिषयहरू नहुने भएकोले आयोगबाट प्रदान गरिने सेवाहरूमा दस्तुर र अवधि तोक्ने व्यवस्था नभएको ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### ७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

उजुरीको व्यवस्थापन सम्वन्धमा आयोगमा प्रवक्ता, सहप्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । आयोगको समष्टिगत कार्यक्षेत्र तथा संचार क्षेत्रहरूसँगको समन्वय एवम् जानकारी प्रदान गर्न आयोगको तर्फबाट मानानीय सदस्य श्री मीनबहादुर शाहीलाई प्रवक्ता तोकिएको छ । त्यसैगरी आयोगको प्रशासनिक कार्यहरू सम्बन्धमा आयोगका सहसचिव डा. किरण रूपाखेतीलाई प्रवक्ता र कार्यक्रम निर्देशक श्री शिवरञ्जन पौड्याललाई

सूचना अधिकारी तोकिएको छ । आयोगमा यस आ. व. मा उजुरी परेको थिएन । आयोगबाट सम्पादन हुने कार्यक्रमसँग सम्वन्धित विषयमा जानकारी एवं सूचना टेलिफोन, ईमेल र मौखिकरूपमा प्रत्यक्ष माग हुने गरेको सन्दर्भमा तुरून्त सूचना उपलव्ध गराउँदै आइएको छ । साथै, आयोगको निर्णयहरू, निर्देशन, परिपत्र, महत्त्वपूर्ण दस्तावेजहरू प्रकाशन तथा वेवसाईट मार्फत सार्वजनिकीरण गर्नुका साथै अवश्यकता अनुसार प्रेस विज्ञप्ति मार्फत पनि सुसूचित गर्ने गरिएको छ। टेलिफोन र मौखिक रूपमा माग गरिएका सूचनाहरू तुरून्त जानकारी गराउने गरिएको छ।

### ७.२ निर्णय गर्ने अधिकारी

सचिव श्री केवल प्रसाद भण्डारी (२०७६ फाल्गुन २८ देखि हालसम्म)

सचिव श्री लक्ष्मण अर्याल ( २०७६ साउन देखि २०७६ फाल्गुन २१ सम्म)

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

सचिव श्री केवल प्रसाद भण्डारी

## ९. सम्पादन गरेको कामको विवरण

### क. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरण

- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधार-पत्र बमोजिम राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी कार्यक्रम/आयोजना, प्रमुख कार्यक्रम, प्रादेशिक कार्यक्रम, सार्वजनिक निजी साझेदारीका कार्यक्रम तथा समष्टिगत तथा विषय क्षेत्रगत नतिजा खाका, प्रदेशगत लक्ष्य, गन्तव्य तथा सूचक र विषय क्षेत्रगत लगानी खाकासहित) विस्तृतिकरण गरी तयार गरिएको एकीकृत दस्तावेज सम्माननीय प्रधानमन्त्री एवम् आयोगका अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७६ फाल्गुण १९ गते बसेको आयोगको पूर्ण बैठकबाट स्वीकृत भई प्रकाशन गरिएको।
- दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन २०१९ (SDGs Progress Report 2019), स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन (Voluntary National Review), स्थानीय तहमा दिगो विकास लक्ष्य आन्तरिकीकरण सम्बन्धी स्रोत पुस्तिका (SDGs Localisation Handbook) को मस्यौदा तयार भई आयोगबाट स्वीकृत भएको।
- पन्ध्रौं योजनाको आधारपत्र तथा माथि उल्लिखित विवरण एवम् तयारीका आधारमा समष्टिगत आर्थिक प्रक्षेपण र सार्वजनिक वित्तको आगामी ३ वर्षको अनुमान तथा प्रक्षेपण लगायतका कार्यद्वारा बजेट सीमा निर्धारण गरिएको।
- आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमा आयोगको तर्फबाट सुझावसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।

- आ.व. २०७७/७८ को मन्त्रालयगत वार्षिक कार्यक्रम तथा बजेट उपर नीतिगत तथा कार्यक्रमगत छलफल सम्पन्न गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम बजेट छलफल प्रतिवेदन तयार गरी माननीय अर्थ मन्त्रीज्यू समक्ष प्रस्तुत गरिएको ।
- आ.व. २०७७/७८ को वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०७७/७८ – २०७९/८०) दस्तावेज तर्जुमा गरी आयोगबाट स्वीकृत भई प्रकाशित गरिएको ।
- समपूरक र विशेष अनुदान बाँडफाँट सम्बन्धी कार्यविधि, २०७५ (संशोधन २०७६ समेत) बमोजिम आ.व. २०७६/७७ का लागि मूल्याङ्कन सम्पन्न गरी बाँडफाँटको सिफारिस सहित अर्थ मन्त्रालयमा पठाइएको। साथै, आ.व. २०७७/७८ का लागि समेत प्रदेश सरकार तथा स्थानीय तहबाट प्रस्ताव आह्वान गरी प्राप्त प्रस्तावहरूको मूल्याङ्कन सम्पन्न गरी बाँडफाँटको सिफारिस सहित अर्थ मन्त्रालयमा पठाइएको ।
- राष्ट्रिय आयोजना बैंक सम्बन्धी मार्गदर्शन (National Project Bank General Guidelines) तयार भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट ४७ औं रा.वि.स.स.स. को बैठकमा विमोचन भएको ।
- राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) को प्रारम्भिक पोर्टललाई मार्गदर्शन तथा कानूनहरूमा भएको व्यवस्था बमोजिम स्तरोन्नतिको कार्य गरिएको ।
- तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत भएको ।
- तथ्याङ्क ऐन, २०१५ लाई एकीकरण एवम् संशोधन गर्ने सम्बन्धमा बनेको विधेयक संसदमा पेश भएको ।
- मा. उपाध्यक्षज्यूको अध्यक्षतामा राष्ट्रिय जनगणना, २०७८ निर्देशक समितिको बैठक सम्पन्न भई यस सम्बन्धी आवश्यक निर्देशन तथा निर्णयहरू भएको ।
- राष्ट्रिय जनगणना, २०७८ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको ।
- राष्ट्रिय जनगणना २०७८ को प्रश्नावली नेपाल सरकार, मन्त्रिपरिषद्‌को स्वीकृतिका लागि पेश भएको ।
- मा. उपाध्यक्षज्यूको अध्यक्षतामा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समितिको बैठक बसी दिगो विकास लक्ष्य सम्बन्धमा तयार भएको राष्ट्रिय प्रगति प्रतिवेदन ,२०१९ माथि छलफल तथा परामर्श गरिएको ।
- माननीय सदस्यज्यूहरूको संयोजकत्वमा गठित विभिन्न दिगो विकास लक्ष्य विषयगत समितिहरूको बैठक बसी राष्ट्रिय प्रगति प्रतिवेदन, विषयगत प्रतिवेदनहरू उपर छलफल तथा विषयक्षेत्रमा आन्तरिकीकरणका लागि सहजीकरण गरिएको ।

### ख. अनुगमनतथा मूल्याङ्कन

- विभिन्न ७ वटा विषयगत क्षेत्र समेटी एक-एक वटा आयोजना /विकास कार्यक्रमको आन्तरिक मूल्याङ्कनका लागि कार्य प्रारम्भ गरिएकोमा ३ वटा मात्र सम्पन्न हुन सकेको ।
  - विशेष आर्थिक क्षेत्र, भैरहवा
  - ग्रामिण दूरसंचार कार्यक्रम
  - व्यावसायीक शिक्षा तथा तालिम अभिवृद्धि आयोजना दोस्रो

- एकीकृत मूल्याङ्कन कार्ययोजना सन्जालीकरणको बैठक आयोजना गरेको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४६ औं बैठक मिति २०७६ असोज ५ गते र ४७ औं बैठक मिति २०७६ माघ २५ गते सम्पन्न गरिएको। यस बैठक पूर्व म.वि.स.स. समिति र रा.वि.स.स. उपसमितिका बैठकहरूको समन्वय तथा सञ्चालन गरेको।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकका लागि म.वि.स.स. समिति र रा.वि.स.स. उपसमितिका बैठकहरू सञ्चालनार्थ तयारी भैरहेको।
- मा. उपाध्यक्षज्यू तथा मा. सदस्यज्यूहरू एवम् आयोगका सम्बन्धित महाशाखा/शाखाका कर्मचारीहरूबाट राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय महत्त्वपूर्ण कार्यक्रम तथा क्षेत्रगत आयोजनाहरूको स्थलगत अनुगमन भएको।
  - माथिल्लो तामाकोशी जलविद्युत आयोजना,
  - अपर मर्स्याङ्दी ज.वि. आयोजना,
  - मध्य मर्स्याङ्दी ज.वि. आयोजना,
  - मर्स्याङ्दी कोरिडोर २२० केभि प्रसारण लाईन,
  - माथिल्लो दोर्दी ए ज.वि. आयोजना,
  - दोर्दी कोरिडोर १३२ केभि प्रसारण लाईन,
  - बुढीगण्डकी ज.वि. आयोजना,
  - तनहुँ ज.वि. आयोजना,
  - मध्यपहाडी लोकमार्ग,
  - पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत चितवन जिल्लामा अवस्थित पर्यटन सूचना केन्द्र, सौराहा र भ्यू टावर, गुन्जननगर
  - गण्डकी प्रदेश र प्रदेश नं. ५ मा सञ्चालित महिला विकास कार्यक्रम
- राष्ट्रिय गौरवका आयोजनाको आ.व. २०७५/७६ सम्मको प्रगति विवरण सहितको प्रतिवेदन प्रकाशन गरिएको।

## ग. तहगत समन्वय एवम् सहकार्यात्मक संघीयताको सुदृढीकरण

- नवप्रवर्तन शुरूवाती पूँजी अनुदान कार्यविधि, २०७६ ले निर्देशित गरे बमोजिम "नवप्रवर्तन शुरूवाती पूँजी अनुदानका लागि प्रस्ताव आह्वान र छनौट गर्ने मापदण्ड तथा विधि, २०७७" तयार गरी मिति २०७७/०१/२७ गते ३० दिने सूचना जारी गरी प्रस्ताव अह्वान गरिएको।
- माननीय उपाध्यक्षज्यू तथा माननीय सदस्यज्यूहरूबाट आ-आफ्नो तोकिएको प्रदेशको प्रदेश समन्वय परिषद्को बैठकमा सहभागी भई राष्ट्रिय योजना आयोगसँग सम्बन्धित विषयक्षेत्रका बारेमा समन्वय तथा सहजीकरण भएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रम (MSNP) को राष्ट्रिय निर्देशक र कार्यान्वयन तथा समन्वय समितिको नेतृत्वकर्ताको रूपमा सबै सङ्घीय मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहहरूसँग समन्वय तथा सहजीकरणको कार्य गर्दै आएको।
- MSNP को विस्तार तथा कार्यान्वयनका लागि European Union सँग MoU भई थप सहायता सुनिश्चित गरेको।

- Scaling Up Nutrition (SUN) Global Movement को राष्ट्रिय सम्पर्क कार्यालय (National Focal Agency ) को रूपमाम कार्य संपादन गर्दै आएको।
- SUN Executive Committee मा एशिया प्रशान्त क्षेत्रको तर्फबाट सदस्यको रूपमा आयोगको सुशासन तथा माजिक विकास महाशाखा प्रमुख प्रतिनिधिसदस्य रूपमाछनौट भई कार्य गर्दै आएको।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय वित्तीय रणनीतिको मस्यौदा उपर गृह मन्त्रालयलाई राय/सुझाव पठाइएको।

## घ. अध्ययन, अनुसन्धानतथा अन्वेषण

- Strategic Review of Evaluation Strategy, Policy Research and Knowledge Management विषयक पुनरावलोकन अध्ययन कार्य सम्पन्न।
- यातायात पूर्वाधार सम्बन्धी विद्यमान अवस्था (Nepal's Transport Sector Position Paper) विषयक अध्ययन त्रि.वि. इ.अ.सं, पुल्चोकबाट सम्पन्न गरिएको।
- १२ औं, १३ औंर १४ औं आवधिक योजनाहरूमा उल्लिखित शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्याङ्कन विषयमा अध्ययन सम्पन्न गरिएको।
- राष्ट्रपति चुरे तराइ मधेश विकास सम्बन्धमा माननीय सदस्य डा. कृष्णप्रसाद ओलीज्यूको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका श्रीमान् सचिवज्यूहरू सम्मिलित समिति गठन भइ अध्ययन कार्य भैरहेको।
- रा.वि.स.स.समितिको ३९ औं बैठकको निर्णय अनुसार नेपालका नदी प्रणाली र जलाधार व्यवस्थापनका सन्दर्भमा रणनीतिक तथा कार्ययोजना सम्बन्धी दस्तावेज तयार गरिएको।
- रा.वि.स.स.समितिको ४३ औं बैठकको निर्णय अनुसार चुरे क्षेत्रमा विकास पूर्वाधारहरूको करिडोर तोक्ने सम्बन्धमा आयोग र राष्ट्रपति चुरे तारई मधेश संरक्षण विकास समिति मार्फत यससम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको।
- Assessment of Implementation of the Istanbul Programme of Action for the LDCs for the Decade 2011-2020 को प्रतिवेदन तयार गरिएको।
- कोभिड-१९ विश्वव्यापी महामारीका कारण वैदेशिक रोजगारीमा परेको असर / प्रभाव तथा त्यसले नेपालको अर्थतन्त्रमा पार्ने प्रभावको बारेमा मा. सदस्य डा. रामकुमार फुयालज्यूको संयोजकत्वमा अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन तयार भएको।
- कोभिड-१९ विश्वव्यापी महामारीका कारण नेपालको सामाजिक आर्थिक लगायतका अन्य क्षेत्रमा पर्ने असर / प्रभाव र विभिन्न विषयगत क्षेत्रमा पर्ने असर तथा प्रभावको अध्ययन कार्य भएको।
  - समष्टिगत आर्थिक क्षेत्र
  - कृषि, सहकारी तथा गरिबी निवारण क्षेत्र
  - पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र
  - श्रम रोजगारी तथा सामाजिक सुरक्षा क्षेत्र
  - स्वास्थ्य, पोषण तथा जनसंख्या क्षेत्र

- स्वास्थ्य आर्थिक क्षेत्र
- शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद क्षेत्र
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- सुशासन  तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्र
- अपाङ्गता भएका व्यक्तिहरूमा परेको असर प्रभावको क्षेत्र
- उर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्र
- वन तथा वातावरण क्षेत्र
- स्थानीय तथा ग्रामिण पूर्वाधार क्षेत्र
- यातायात पूर्वाधार क्षेत्र

**ङ. दिगो विकास लक्ष्य:**

- संयुक्तराष्ट्र संघको आयोजनामा मिति २०७७/०३/२३ देखि २०७७/०४/०१ सम्म संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा आयोजना भएको सदस्य राष्ट्रहरूको सहभागिता रहेको उच्चस्तरीय राजनैतिक मञ्च (High Level Political Forum on Sustainable Development Goals) मा नेपालको तर्फबाट राष्ट्रिय योजन आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भर्चुवल माध्यमबाट प्रत्यक्षरूपमा मूल सम्मेलन तथा उक्त मञ्चसँग सम्बन्धित सहायक कार्यक्रमहरूमा समेत सहभागिता जनाएको । उक्त प्रतिनिधि मण्डलमा राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिका सदस्य डा. बिमला राई पौडेल, राष्ट्रिय योजना आयोगका सदस्य तथा सचिव, संयुक्तराष्ट्र संघका लागि स्थायी प्रतिनिधि, जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष एवम राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालयका सहसचिव एवम् सम्बन्धित कर्मचारीहरू तथा गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।
- उक्त उच्चस्तरीय राजनैतिक मञ्चमा नेपालको तर्फबाट प्रतिनिधिमण्डल प्रमुख राष्ट्रिय योजन आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलले स्वेचछिक राष्ट्रिय समीक्षा प्रतिवेदन, २०१९ (Voluntary National Review, 2019) प्रस्तुत गर्नुभएको थियो । नेपालले यसअघि सन् २०१७ मा पहिलो स्वेचछिक राष्ट्रिय समीक्षा प्रतिवेदन प्रस्तुत गरिसकेको छ।
- दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय परीक्षण सूची (Check List) सम्बन्धी संक्षिप्त विवरण पुस्तिकाको मस्यौदा तयार गरी  राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिमा पठाइएको।
- दिगो विकासका लक्ष्यलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन ती लक्ष्यहरूलाई समेटी नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लगानी तथा वित्तीय रणनीति, २०१८ तयार गरी प्रकाशन गरिएको।
- दिगो विकास लक्ष्य तथा सूचकको बुकलेट प्रकाशन गरियो।
- प्रदेशस्तरीय ११९ वटा दिगो विकास लक्ष्यका सूचकहरू निर्धारण गरी दिगो विकास लक्ष्य आवधिक योजना, मध्यकालीन खर्च संरचना, बार्षिक विकास कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन र योजनामा तथ्याङ्कको प्रयोग सम्वन्धमा क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरी समग्र रूपमा संयोजन र समन्वय गरियो।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रवक्ता, सहसचिव डा. किरण रूपाखेती

सूचना अधिकारी, कार्यक्रम निर्देशक श्री शिवरञ्जन पौड्याल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

### ११.१ ऐन, नियम, बिनिमय वा निर्देशिकाको सूचीहरूको विवरणः

- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४
- राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४
- आयोजनाहरूको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, २०७६
- आर्थिक कार्यविधि नियमावली, २०६४
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५
- प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ (नमुना)
- प्रदेशस्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना)
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमुना)
- समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५
- विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**नेपाल सरकार, राष्ट्रिय योजनाआयोग**
**बजेट उपशीर्षक नं: ३९१०००११३**
**बजेट उपशीर्षकको नाम: राष्ट्रिय योजना आयोग**
**आर्थिक बर्ष : २०७६/७७२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१सम्म**

| खर्चसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ४७,४३३,२२४.८० | ४७,४३३,२२४.८० | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ६,६९३,९००.०० | ६,५७७,३३०.०० | |
| २११२१ | पोशाक | १,०००,०००.०० | ८५०,०००.०० | |
| २११३२ | महंगीभत्ता | २,४००,०००.०० | २,१९२,९३३.०० | |
| २११३९ | अन्यभत्ता | २,०००,०००.०० | १,९९५,०००.०० | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ४००,०००.०० | ३९९,६००.०० | |
| २२१११ | पानीतथा बिजुली | २,८००,०००.०० | २,१७९,६२६.२२ | |
| २२११२ | संचारमहसुल | २,२००,०००.०० | १,५७८,४९३.०० | |
| २२२११ | इन्धन (पदाधिकारी) | ७००,०००.०० | ५९३,६२२.०० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५,८००,०००.०० | ३,६६३,५२५.३९ | |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ४,८००,०००.०० | ४,६५५,९२२.०० | |
| २२२१४ | बिमातथा नवीकरण खर्च | १,१००,०००.०० | १,०९९,७४६.०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १३,०००,०००.०० | १२,९८७,१५३.०० | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ६००,०००.०० | २९२,६११.०० | |
| २२४११ | सेवार परामर्श खर्च | १६,०००,०००.०० | १०,००२,८००.०० | |
| २२४१९ | अन्यसेवा शुल्क | १२,६०१,२००.०० | १२,५२१,४१५.०० | |
| २२५११ | कर्मचारी तालिम खर्च | २,५००,०००.०० | | |
| २२५१२ | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४२,३००,०००.०० | १,०३८,८७५.०० | ४१,२६१,१२५.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३८,३०४,९००.०० | १३,२५१,२७३.०० | २५,०५३,६२७.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ७,३००,०००.०० | १,६०५,९५५.०० | ५,६९४,०४५.०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | १०,७००,०००.०० | ३,३७६,१०६.६० | ७,३२३,८९३.४० |
| २२६१२ | भ्रमणखर्च | १,०००,०००.०० | १२६,२५९.०० | ८७३,७४१.०० |
| २२७११ | विविधखर्च | ५,५००,०००.०० | ३,७५३,३३६.०० | १,७४६,६६४.०० |

| खर्चसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८,२००,०००.०० | ९२७,८९७.०० | ७,२७२,१०३.०० |
| ३११२१ | सवारी साधन | २,०००,०००.०० | ४९४,७३८.०० | १,५०५,२६२.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ९,५००,०००.०० | १,७३२,५६०.०० | ७,७६७,४४०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २,९००,०००.०० | २,२००,१०३.०० | ६९९,८९७.०० |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | ९००,०००.०० | ४७१,२८८.०० | ४२८,७१२.०० |
| **कुल जम्मा** | | | | **२५,०६,३३,२२४** |
| **अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )** | | | | **५५.०६%** |

**बजेट उपशीर्षकको नाम: सार्वजनिक वित्तीय व्यवस्थापन सुधारकार्यक्रम**

| खर्च/वित्तीयसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढमहिनाको खर्च | आषाढ महिना सम्मको खर्च |
|---|---|---|---|---|
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ४९२,०००.०० | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,७६४,०००.०० | | २१,४७० |
| २२४११ | सेवार परामर्श खर्च | ४,४००,०००.०० | ९२७,४०० | १,६२४,९०० |
| २२४१९ | अन्यसेवा शुल्क | ९४८,०००.०० | | |
| २२५२२ | कार्यक्रमखर्च | ९,७६८,०००.०० | १,८९३,९०३ | २,०८४,९८७ |
| २२७११ | विविधखर्च | ५००,०००.०० | | |

| वित्तीयसङ्केत नं | खर्चसङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिनासम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ५००,०००.०० | ४९९,०००.०० | १,०००.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ५२७,०००.०० | | ५२७,०००.०० |
| कुल जम्मा | | १,०२७,०००.०० | ४९९,०००.०० | **१,८८,९९,०००** |
| अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | **२२.३८%** |

## १३. तोकिए बमोजिमका अन्य विवरण

आयोगको गठन तथा कार्यसन्चालन आदेश, २०७४ र प्रचलित अन्य कानूनहरूले तोकेको कार्यक्षेत्र एवम् कर्यजिम्मेवारी अनुरूप आयोगका बिषयगत महाशाखाहरूबाट देहायमा उल्लेख भएअनुसारका कार्यहरू सम्पादन भएको।

### १३.१ आर्थिक व्यवस्थापन

- मध्यमकालीन खर्च संरचना (२०७७/७८-२०७९/८०) सहितको आ.व. २०७७/७८ को बजेट तर्जुमाका लागि कार्यक्रम/आयोजनागत रूपमा त्रिवर्षीय र आ.व. २०७७/७८ को वार्षिक खर्च तथा स्रोतको प्रक्षेपण साथ यससम्बन्धी मार्गदर्शन तयार गरेको।
- आगामी मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम र बजेट तर्जुमाका लागि विद्यमान कार्यक्रम/आयोजनाको अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन, पुनर्संरचना तथा खारेजी सम्बन्धी विश्लेषण गरिएको। (नीति तथा कार्यक्रम बुँदा नं. २०७)
- आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम तथा विनियोजन विधेयक माथि संघीय संसदमा भएको छलफलमा उठेका सवालहरूको जवाफ तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।
- राष्ट्रिय जनगणना २०७८ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको।
- राष्ट्रिय जनगणना २०७८ को प्रश्नावली नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश भएको।
- पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) को विस्तृत दस्तावेज तयारी तथा प्रकाशन सम्बन्धी कार्य।
- बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धी कार्य।
- मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा सम्बन्धी कार्य।
- दिगो विकास लक्ष्य सम्बन्धी कार्य।
- अतिकम विकसित मुलुकबाट स्तरोन्नति सम्बन्धी कार्य।
- प्रदेश तथा स्थानीय तहको योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा सहजीकरण सम्बन्धी कार्य।
- योजना सम्बन्धी क्षमता विकास कार्यक्रम सम्बन्धी कार्य।
- राजश्व परामर्श समितिको पूर्वाधार, सूचना प्रविधि र आर्थिक विकास सम्बन्धि उपसमितिको कार्य।

### १३.२ पूर्वाधार तथा उत्पादन

- संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्द्वारा हरेक बर्ष आयोजना हुने उचस्तरिय राजनीतिक मञ्च (High level Political Forum) मा यस् बर्ष मिति २०७७ - ०३ - २३ देखि २०७७ - ०४ - ०१ गते आयोजना भएको बैठकमा नेपालले दिगो बिकास लक्ष्यको प्रगती समीक्षा सहितको दोस्रो स्वेचछिक राष्ट्रिय समीक्षा (Voluntary National Review ) प्रस्तुत गरेको छ।

- राष्ट्रिय आयोजना बैंक सुदृढीकरण सम्बन्धी अवधारणा-पत्र तयार गरी आयोगबाट स्वीकृत भए अनुसार कार्यान्वयन गर्दै आएको।
- NPBMIS मा सङ्घीय मन्त्रालय/निकायहरूबाट सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन गरिने आयोजनाहरूको विवरण संकलनका साथै प्रविष्टिको कार्य हुँदै आएको। हालसम्म करिब ६५०० आयोजनाहरू प्रविष्टि भैसकेका छन्।
- राष्ट्रिय आयोजना बैंकका लागि विभिन्न पाँचवटा क्षेत्रगत विषय सम्बन्धी मार्गदर्शन तर्जुमाका लागि कार्यक्षेत्रगत शर्त (ToR) तयार भई परामर्श सेवा प्राप्तिको चरणमा रहेको।
- वातावरण संरक्षण नियमावली, २०७६, काठमाण्डौ उपत्यकामा वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६, Global Environment Facility को STAR-7 बाट प्राप्त सहयोग सम्बन्धमा सम्बन्धित मन्त्रालयमा राय सुझाव पठाइएको।
- विद्युत बिधेयक, २०७६, उर्जा दक्षता बिधेयक, २०७६ सम्बन्धमा आयोगबाट सम्बन्धित मन्त्रालयमा राय सुझाव पठाइएको, सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीइ आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा विकास गर्न उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई सहमति प्रदान।
- सार्क प्रदर्शनी कक्षको निर्माणार्थ बहुवर्षीय ठेक्का सम्बन्धी कार्यका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सहमति प्रदान।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व सम्बन्धी नियमावलीको मस्यौदा उपर अर्थ मन्त्रालयमा राय/सुझाव पठाइएको।
- बहुवर्षीय ठेक्का मापदण्डका सम्बन्धमा अर्थ मन्त्रालयलाई राय/सुझाव पठाइएको।

### १३.३ सुशासन तथा सामाजिक विकास

- प्रारम्भिक बालविकासको राष्ट्रिय रणनीति (२०७६ -२०८७) को अन्तिम मस्यौदा तयार भई नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका पेश भएको।
- MSNP ३० वटा जिल्लामा सञ्चालन हुँदै आइरहेकोमा थप ७ वटा जिल्लामा विस्तार गर्ने गरी तयारीको कार्य गरेको।
- बालमैत्री स्थानीय शासन रणनीति, २०७६ का सम्बन्धमा राय/सुझाव पठाइएको।

### १३.४ अध्ययन, अनुसन्धान तथा तहगत समन्वय

- नवप्रवर्तन शुरूवाती पूँजी अनुदानका लागि प्रस्ताव मूल्याङ्कनको मापदण्डको मस्यौदा तयार भएको।
- नवप्रवर्तन शुरूवाती पूँजी अनुदान कार्यविधि, २०७६ बमोजिम प्राप्त ६९९ प्रस्तावहरूलाई आ.व. ०७७/७८ मा समावेश हुने गरी २०७७ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय भएको। सो सम्बन्धी सूचना आयोगको वेवसाईटमा सम्प्रेषण गरिएको।

- आ.व. ०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. ५९ मा नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याजदरमा नवप्रवर्तन शुरूवाती पूँजी उपलब्ध गराउने व्यवस्था भएबमोजिम कार्यविधि संशोधन गर्ने प्रक्रिया अगाडि बढाइएको ।
- प्रदेश नं १, बागमती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका आवधिक योजना तर्जुमा कार्यका लागि आर्थिक वृद्धि तथा लगानी सहितको समष्टिगत आर्थिक खाका तथा नतिजा खाका तयारी कार्यमा सहयोग ।
- प्रदेशस्तरीय मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा अनुरोध भए अनुसार सहयोग पुऱ्याएको ।
- स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमामा कार्यमा अनुरोधका आधारमा सहयोग गरेको ।
- योजना आयोग र प्रदेश योजना आयोगका पदाधिकारीबीच राष्ट्रिय तथा प्रादेशिक योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको ।
- प्रदेश तहमा योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समपूरक तथा विशेष अनुदान बाँडफाँटका बारेमा अनुगमनका क्रममा आवश्यक सहजीकरण भएको ।
- अर्थ मन्त्रालयको राजश्व परामर्श समिति अन्तर्गत रहेको पूर्वाधार, सूचना प्रविधि र आर्थिक विकास उपसमितिको आवश्यक अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन अर्थ मन्त्रालयमा पेश गरेको ।
- विभिन्न मन्त्रालय / निकायबाट राय सुझावका लागि प्राप्त हुन आएका ऐनको मस्यौदा, क्षेत्रगत नीति, रणनीति, बहुवर्षीय कार्यक्रमको सहमति लगायतका विषयमा राय / परामर्श तथा सहमति उपलब्ध गराइएको ।
- उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयवा अन्तर्गत कूल १८ वटा आयोजनाहरूको बहुवर्षीय ठेक्का सहमती प्रदान गरिएको ।
- वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत कूल ३ वटा आयोजनाहरूको बहुवर्षीय ठेक्का सहमती प्रदान गरिएको ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त पर्यटन ऐन, २०७६ को मस्यौदा उपर राय/सुझाव प्रेषित गरिएको ।
- पर्यटन पूर्वाधार निर्माण तथा पर्यटकीय उपज विकास साझेदारी आयोजना सञ्चालन कार्यविधि, २०७७ को मस्यौदामा राय उपलब्ध गराईएको ।
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त खानी खनिज तथा भू-गर्भ सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको बिधेयक, २०७६ उपर राय सुझाव उपलब्ध गराईएको ।
- राष्ट्रिय अनुसन्धान सम्बन्धी नीतिको अवधारणा पत्र तयार भई सो बमोजिक कार्य अघि बढाउन आयोगबाट स्वीकृति प्राप्त भएको ।

### १३.५ अनुसन्धान तथा मूल्याङ्कन

- राष्ट्रिय मूल्याङ्कन प्रणालीको समीक्षा गरी उक्त प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक क्षेत्रको पहिचान गर्न सहज पुऱ्याउने हेतुले "Self-assessment Tools for Evaluation Diagnostics" कार्यान्वयन गरिएको। प्रारम्भिक चरणमा Self-Assessment गरी नतिजा निकालिएको र सोको आयोगमा प्रस्तुतीकरण गरिएको।
- स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) सँग सम्बन्धित विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधिहरूलाई सहभागी गराई छलफल कार्यक्रम सञ्चालन गरिएको।
- राष्ट्रिय योजना आयोग र Community of Evaluators को समन्वयमा अनुगमन र मूल्याङ्कन सम्बन्धी आधारभूत तालिम एकिकृत रूपमा सञ्चालन गरेको।
- राष्ट्रिय गौरवका आयोजनाहरूको दोस्रो चौमासिक सम्मको प्रगति र बन्दाबन्दीको कारण आयोजना कार्यान्वयनमा परेको असर सम्बन्धमा आयोजना प्रमुखहरूसँग भर्चुवल बैठक गरी आयोजनाको अद्यावधिक स्थिति बारे जानकारी लिई प्रतिवेदन तयार भएको।
- प्रत्येक महिना राष्ट्रिय योजना आयोगको वार्षिक कार्य योजनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनलाईन पोर्टलमा ईन्ट्री गर्ने कार्य सम्पन्न गर्ने गरेको।
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको अंग्रेजी अनुवाद, प्रकाशन तथा संप्रेषण गरिएको।
- उपभोक्ता समिति, आयोजना परीक्षण, अनुगमन मूल्याङ्कन सुदृढीकरण, अनुसन्धान तथा मूल्याङ्कन सम्बन्धी अवधारणा पत्र तयार गरेको।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विधेयक संसदमा पेश भएको।

### १३.६ अन्य विषय क्षेत्रगत कार्यसम्पादन

- नेपाल सरकार, मन्त्रिपरिषद् अन्तर्गतको विधेयक समितिमा विभिन्न विधेयकहरू सम्बन्धमा बसेको छलफल बैठकहरूमा माननीय उपाध्यक्षज्यू, मा. सदस्यज्यू तथा श्रीमान् सचिवज्यूबाट सहभागिता जनाएको।
- संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछाड्ने प्रतिवद्धताका साथ सन् २०१५ को सेप्टेम्वरमा घोषणा गरिएको दिगो विकास लक्ष्यहरूको आन्तरिकीकरणका लागि सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकासको माध्यमबाट गरिवी र भोकमारीको अन्त्य गर्ने, सबैलाई स्वास्थ्य र शिक्षा, लैंगिक समानता कायम गर्ने लगायताका विषयमा प्रदेश तहमा क्षमता विकास कार्यक्रम सञ्चालन गरी समन्वयात्मक कार्य गरियो।
- नेपालको योजनावद्ध विकासको प्रक्रियामा समाहित गर्दै आगामी दिनमा दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी आवधिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा, तिनको कार्यान्वयन र सोका लागि स्रोत साधनहरूको बाँडफाँटमा सुनिश्चितता गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय निर्देशन समिति, सरकारी, निजी क्षेत्रका प्रतिनिधिहरू समेत सदस्य रहने गरी आयोगका उपाध्यक्षको अध्यक्षतामा कार्यान्वयन तथा समन्वय समिति र सोही अनुरूप आयोगका सम्बन्धित विषयगत क्षेत्र हेर्नु हुने सदस्यहरूको

संयोजकत्वमा ७ वटा विषयगत समितिबाट बिषयगत क्षेत्रमा मूलप्रभाहिकरण,आन्तरिकीकरण र समन्वयको कार्य गरिदैं आएको ।

- विषयगत समितिहरूद्वारा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया गर्दै दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण सम्बन्धी विभिन्न चरणमा बैठक आयोजना गरी सबै विषयगत क्षेत्रका योजनाहरूमा दिगो विकास लक्ष्य र यसका सूचकहरू समावेश गर्ने विषयमा सुझाव संकलन तथा ज्ञान आदान प्रदान कार्य भएको ।
- दिगो विकास लक्ष्यको कार्यान्वयनमा सहजता प्रदान गर्न "दिगो विकास लक्ष्यहरू : वर्तमान अवस्था र भावी मार्गचित्र २०१६ – २०३०" को नेपाली अनुवाद प्रकाशन गरिएको ।
- राष्ट्रिय तथ्यगत विवरण सम्वन्धी कार्य: राष्ट्रिय तथ्यगत विवरणको लागि प्राविधिक समितिको गठन, वेव पोर्टल तथा टेम्पलेट तयार, केन्द्र, प्रदेश र स्थानीय तहमा डाटा तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरी डाटा अपलोडको कार्य भैरहेको ।
- राष्ट्रिय जनगणना, २०७८: राष्ट्रिय जनगणना, २०७८ को तयारी अन्तर्गत ७ वटा प्रदेश, १ महानगरपालिका र १ उपमहानगरपालिकामा सरोकारवालाहरूसँग अन्तरक्रिया गरी ५ वटा नगरपालिकामा गणना क्षेत्र नक्सांकन गर्दै पाईलट जनगणनाको कार्य सम्पन्न गरिएको छ। सो कार्यको लागि विषयगत, निर्देशक तथा प्राविधिक समितिको गठन भएको र राष्ट्रिय जनगणना, २०७८ को Project Document तयारी गरी आयोगबाट सैद्धान्तिक स्वीकृत लिई यसको सञ्चालन तथा व्यवस्थापन आदेश नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको ।
- गणना क्षेत्र नक्सांकनको तथ्याङ्क संकलन: गणना क्षेत्र नक्सांकनको लागि पोइन्ट, लाईन र पोलिगनहरूको एट्रिब्यूट तथ्याङ्क तथा स्पासियल तथ्याङ्क संकलन भएको ।
- गणना क्षेत्र नक्सांकनको डिजिटाईजेसन : गणना क्षेत्र नक्सांकनको डिजिटाईजेसनको लागि पोइन्ट, लाईन र पोलिगनहरूको डिजिटल तथ्याङ्क तयार भएको।
- राष्ट्रिय लेखा Rebasing कार्य : राष्ट्रिय लेखा Rebasing सम्बन्धी कार्य (गोष्ठि तथा कार्यशाला) को लागि ज्ञान तथा क्षमता अभिवृद्धि भएको एवं वार्षिक, त्रैमासिक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क अनुमान सार्वजनिकीकरण, Rebasing को कार्य भएको ।
- राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक/संशोधित अनुमान प्रकाशन : बार्षिक/त्रैमासिक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको निर्धारित समयमा नै प्रारम्भिक/संशोधित अनुमान प्रकाशन भएको ।
- राष्ट्रिय आर्थिक गणना, २०७५ : राष्ट्रिय आर्थिक गणना, २०७५ को लगत प्रशोधन तथा नतिजा सार्वजनिकीकरण भई आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठान संख्या प्राप्त भएको छ । आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या र प्रतिष्ठान सम्बन्धी मुख्य तथ्याङ्कहरू तथा प्रदेश अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्तिको साथै प्रदेश, जिल्ला अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति विवरण प्राप्त भएको ।

## १४. अघिल्लो आ.व.२०७५/७६मा सञ्चालित कार्यक्रमहरू

- राष्ट्रिय योजना आयोग अन्तर्गत विभिन्न कार्यक्रमहरू तथा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम
- केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्गत
    - सामाजिक तथ्याङ्क विकास कार्यक्रम
    - राष्ट्रिय जनगणना, २०७८ कार्यक्रम
    - आर्थिक तथ्याङ्क विकास कार्यक्रम
    - योजना तथा जनशक्ति विकास कार्यक्रम
    - मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गरेको ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गरेको ।
- सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा केन्द्रीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूलाई सहमति प्रदान गरेको ।
- राष्ट्रियआयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गरेको ।
- राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गरेको ।
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गरेको ।
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गरेको ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गरेको ।
- अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गरेको ।
- राष्ट्रको समग्र विकासका लागि अबलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

## १५. सार्वजनिक निकायको सामाजिक सन्जाल भए सोको विवरण

| | |
|---|---|
| राष्ट्रिय योजना आयोगको सामाजिक सन्जाल | **: www.npc.gov.np (Website)** |
| | **: @NEPALNPC (Twitter)** |
| | **: www.facebook.com/hellonpc (Facebook)** |

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण

| क्र.सं | आयोजना | सुरू र समाप्ति मिति | सहायता रकम रु. | प्रमुख कार्यहरू | विकास साझेदार |
|---|---|---|---|---|---|
| १ | नेपाल बहुसूचक सर्वेक्षण | 2075/076-2076/077 | 1,24,20,000/- (आ.व. 2076/077 को लागि ) | महिला बालबालिका सम्बन्धी दिगो विकास लक्ष्यका तथ्याङ्क अद्यावधिक गर्ने। स्वास्थ शिक्षा खानेपानी बालमृत्युदर आदि सूचकको विवरण प्राप्त गर्ने। | युनिसेफ |
| २ | Accelerating Implementation of Sustainable Development Goals in Nepal | January 2020 to December 2023 | 2,600(out of which 750 allotted for F/Y 2020/21) | 1: Assist in SDGs responsive Planning, budgeting, monitoring and reporting<br>2: Resilient and innovative financing for SDGs implementation | UNDP, EU |
| ३ | राष्ट्रिय जनगणना, २०७८ | 2076/077-2079/080 | 1,38,00,000/- (आ.व. 2076/077 को लागि ) | राष्ट्रिय जनगणना र घरधुरी सर्वेक्षणको लागि आवश्यक तयारी कार्य गर्ने। | युएनएफपिए |

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

### १७.१ आर्थिक बर्ष २०७६/२०७७ मा भएका अध्ययनहरू

- Resettlement of the Scattered Communities /Settlements in the Dangerous Zone of Remote Areas of Himalayan Region of Nepal
- नेपालमा यातायात पूर्वाधारको विकास र व्यवस्थापनको वर्तमान स्थिति सम्बन्धी अध्ययन
- अनुदानको राष्ट्रिय ढाँचा सम्बन्धी अध्ययन

- संघ,प्रदेश र स्थानीय तहको विकास, नीति, योजना तर्जुमा, कार्यान्वयन,अनुगमन,मूल्याङ्कन र तहगत समन्वयको राष्ट्रिय ढाँचा तयार गर्ने सम्बन्धी अध्ययन
- समपूरक तथा विशेष अनुदान बाँडफाँट सम्बन्धी विद्युतीय प्रणाली तयार तथा सञ्चालन
- Strategic Review of Evaluation, policy Research, and Knowledge Management
- पन्ध्रौ योजनाको दस्तावेज अंग्रेजी भाषामा अनुवाद गर्ने कार्य
- आयोगको संगठन संरचना तथा दरवन्दी पुनरावलोकन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण
- शिक्षासँग सम्बन्धित नीतिहरूको कार्यन्वयनबाट हासिल उपलब्धिहरू तथा उपलब्धी हासिल नभएकोमा तिनीहरूको कारणहरू सम्बन्धमा गरिने अनुसन्धानात्मक अध्ययन
- नवप्रवर्द्धन शुरूवाती पूँजी अनुदान विद्युतीय प्रणाली निर्माण तथा सञ्चालन
- प्रदेशबाट स्थानीय सरकारलाई दिइने अनुदान सम्बन्धी विद्युतीय प्रणाली निर्माण तथा सञ्चालन

## १८. राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगका सबै सूचनाहरू खुल्ला रूपमा उपलब्ध छन्।

## १९. राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

राष्ट्रिय योजनाआयोगका सम्पूर्ण निर्णय तथा दस्तावेजहरू वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको।

## २०. राष्ट्रिय योजना आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

राष्ट्रिय योजना आयोगका सूचना तथा प्रकाशनहरू नियमित रूपमा वेवसाइटमा राख्ने गरिएकोछ। साथै, राष्ट्रिय तथ्याङ्कसम्बन्धी विवरण तथा प्रकाशनहरू आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित हुने गरेको र विभागको वेवसाइटमा समेत उपलब्ध रहेकोछ। यस आ.व. को अवधिमा प्रकाशित भएका देहायमा उल्लेखित प्रतिवेदन तथा अध्ययन प्रतिवेदनहरू वेवसाइटमा पनि राखिएका छन्।

- पन्ध्रौँ योजन (आ. व. २०७७/७८ – २०८०/८१)
- मध्यमकालीन खर्च संरचना - आ.व. २०७७/७८–२०७९/८०
- आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रम
- समपूरक अनुदान सम्बन्धी कार्यविधि- २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि- २०७५
- आ.व. २०७६/७७ मा समपुरक अनुदान मार्फत् प्रदेश र स्थानीय तहबाट कार्यान्यवन गर्न छानिएका कार्यक्रम/आयोजनाहरूको विवरण
- आ.व. २०७६/७७ मा बिशेषअनुदान मार्फत् प्रदेश र स्थानीय तहबाट कार्यान्यवन गर्न छानिएका कार्यक्रम/आयोजनाहरूको विवरण
- राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व. २०७५/७६ सम्मको प्रगति, २०७६
- राष्ट्रिय योजना आयोगको शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन २०७५/२०७६

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण, आ.व. २०७५/७६
- राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन २०७५/२०७६
- नेपाल मानव विकास प्रतिवेदन, २०१९
- दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन, २०१९
- Nepal: National Review of Sustainable Development Goals प्रतिवेदन
- Assessment of Implementation of the Istanbul Programme of Action for the LDCs for the Decade2011-2020 को प्रतिवेदन
- National Project Bank (Guidelines for Identification Appraisial Selection and Prioritization of Projects)
- राष्ट्रिय स्रोत अनुमान समितिको प्रतिवेदन

## २०.१ गत आ. व, २०७५/७६ मा प्रकाशित प्रतिवेदनहरू

- पन्ध्रौँ योजन- आधार पत्र(आ. व. २०७७/७८ – २०८०/८१)
- आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम
- मध्यमकालीन खर्च संरचना - आ.व. २०७५/७६–२०७७/७८
- राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.व. २०७४/७५ सम्मको प्रगति २०७५
- राष्ट्रिय योजना आयोगको शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन २०७४/२०७५
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण, आ.व. २०७४/७५
- राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन २०७४/२०७५
- सार्वजनिक – निजी साझेदारी (स्रोत पुस्तिका)
- Universalizing Clean Energy in Nepal
- Nepal Multidimensional Poverty Index
- Sustainable Development Goals, Status and Roadmap: 2016-2030